# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## पुतलीबजार नगरपालिका
## स्याङ्जा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## पुतलीबजार नगरपालिका

## स्याङजा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

पुतलीबजार नगरपालिका

स्याङ्जा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ। यस स्थानीय तहको आ.व. २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ। समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(गण्डकी प्रदेश)


प.सं. २०८०।८१

च.नं. ३५

मिति : २०८१।२।११

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख ज्यू,

पुतलीबजार नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

स्याङ्जा ।

१. **कैफियत सहितको राय** - हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रु.३ करोड ९ लाख ६७ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा रु. ७९ हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु असूल गर्नुपर्ने रु. १७ लाख ४६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.२ करोड ५४ लाख ४० हजार, नियमित गर्नुपर्ने रु.२५ लाख ३४ हजार र पेश्की रु. ११ लाख ६० हजार समेत गरी यस वर्ष रु.३ करोड ८ लाख ८८ हजार बेरुजु कायम रहेको छ । पालिकाको गतवर्ष सम्म रु.२१ करोड ६३ लाख २४ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.२४ करोड ७२ लाख १२ हजार रहेको छ । पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व सङ्कलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ ।

(जयराम घिमिरे)

**नायब महालेखापरीक्षक**

पुतलीबजार नगरपालिका,
स्याङ्जा जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु वर्गिकरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ४७ | ९२ | ३०९६७ | ० | ११ | ७९ | ० | ४७ | ८१ | ३०८८८ | १७४६ | २५३४ | २५४४९ | ० | ० | २७९८३ | ११६० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| पालिका | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पुतलीबजार नगरपालिका, स्याङ्जा | २१६३२४ | ० | ० | २१६३२४ | ० | ३०८८८ | २४७२१२ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं. | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| २०७९।८० (चालु वर्षको) | | | | |
| १ | ०७९।८० | ३७ | न्यून बिजकीकरण असुली | ६०५३ |
| २ | ०७९।०८० | ४० | प्राविधिक बिल र कार्यसम्पन्न भन्दा बढी भुक्तानी असुली | २३७६० |
| ३ | ०७९।०८० | ४७ | पदाधिकारी अनुगमन खर्च असुली | ६८०० |
| ४ | ०७९।०८० | ६२ | बहाल कर कट्टी नगरेको | १६५७० |
| ५ | ०७९।०८० | ६४ | पदाधिकारीलाई दोहोरो अनुगमन खर्च | ४२५० |
| ६ | | ७० | बढी निकासा छात्रवृत्ति असुल भएको | १६०० |
| ७ | | ७४ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | १९५०० |
| **चालु वर्षको जम्मा** | | | | **७८५३३** |
| **गत विगतको जम्मा** | | | | **०** |
| कुल जम्मा | | | | **७८५३३** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **परिचय -**

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरीकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १४ वडा रहेको छ भने क्षेत्रफल १४७.९१ वर्ग किलोमिटर तथा जनसंख्या ४१ हजार ७४३ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।६।१५ देखि २०८०।६।३० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरू सीमाको रूपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - आर्थिक विवरण अनुसूचीमा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असूली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १,६३,२९४ असूल भई दाखिला प्रमाण पेश भएको छ ।

| क्र.सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १ | वडा नं. ११ को सामाजिक सुरक्षा बढी भुक्तानी भएको | १२००० |
| २ | नगर विकास समिति तर्फको घरवहाल कर स्थानीय सञ्चित कोषमा दाखिला भएको | १५१२९४ |
| | जम्मा | १६३२९४ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरू

२ **एकीकृत आर्थिक विवरण -** पालिकाको एकीकृत आर्थिक विवरण अनुसूचीमा संलग्न छ ।

३ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाइएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरू देहायबमोजिम रहेका छन्ः

- पालिकाले आ.व. २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोबारको अनुसूची-२११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,
- राजश्व सङ्कलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको नगरेको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक योजना तयार गरे पनि सो को कार्यान्वयन अवस्था कमजोर रहेको,
- रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा नल्याएको,
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक तयार गरे पनि लागत यकिन नभएको, DPR तयार नगरेको,
- दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकी मूल्याङ्कन गर्ने कार्य नभएको,
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक नगरेको,
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरूको विवरण खुलाई अभिलेख राख्नुपर्नेमा सो नगरेको,
- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले सार्वजनिक सम्पत्तिहरूको अभिलेख नराखेको,
- खेलकुद कार्यक्रम, साँस्कृतिक कार्यक्रमहरूको लागि पालिका प्रमुखको तोक आदेशको आधारमा

भुक्तानी गर्ने गरेको

- वडा तर्फको कार्यक्रम/तालिमको प्रस्तावना स्वीकृत नगराई सञ्चालन गरिएको,
- कार्यक्रम/तालिम पश्चात समग्र पक्ष समेट्ने गरी भएका उपलब्धी तथा सुधारका पक्षसमेत खुल्नेगरी प्रतिवेदन पेस नभएको,
- विभिन्न तालिम तथा कार्यक्रमका लागि खरिद गरिएका मसलन्द सामानहरू तथा खेलकुद प्रतियोगिताका लागि खरिद भएका खेलकुद सामग्री लगायतका जिन्सी सामानहरू दाखिला तथा हस्तान्तरण भएको प्रमाण नराखेको,
- UNDP को आर्थिक तथा प्राविधिक सहयोग र सुर्योदय क्लवको व्यवस्थापनमा सञ्चालित हरित पुनरुत्थान तथा कोभिड-१९ प्रतिकार्य पहल अन्तर्गत सञ्चालित कार्यक्रमहरूमा सम्झौता अनुसार लेखापरीक्षण गराएको नदेखिएको,
- नगर प्रमुखको तोक आदेशबाट विभिन्न क्लवहरूलाई खेलकुद सहयोग दिइएको, तोक आदेशमा कोटेट तारजाली तथा HDP पाइप समेत वितरण गरिएको ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४ **कानुन र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नमुना कानुनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २१ वटा ऐन, ६ वटा नियमावली, ४२ कार्यविधि/ निर्देशिका लगायत ६९ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । पालिकाको आवश्यकता अनुसार कानुन निर्माण गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

५ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष फस्योंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३ र यो वर्ष थप भएको १६ गरी कुल १९ विवाद दर्ता भएकोमा १२ वटा मात्र फस्योंट भई ७ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्योंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

६ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।७ मा रु. ९० करोड ६४ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेका छन् ।

७ **खर्च विश्लेषण -** पालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रु.३,२७,९४,९३४।०० राजस्व बाँडफाँड र अनुदानबाट रु.८९,४६,१९,३१२।०० समेत रु.९२,७४,१४,२४६।०० आम्दानी भएकोमा चालु तर्फ रु.५४,७०,८१,५७८।४१ र पुँजीगततर्फ रु.२१,००,५९,२२२।२१ गरी जम्मा रु.७५,७१,४०,८००।६२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.३३ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु.१,६७,१०,५६६।०० खर्च भएको छ जुन आन्तरिक आयको ५०.९५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७२.२५ प्रतिशत चालु र २७.७५ प्रतिशत मात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रूपमा विकास निर्माणमा परिचालन गरीनुपर्दछ ।

८ **चौमासिक पुँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले चौमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छः

| शीर्षक | बजेट र खर्च (रु.) | | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेस्रो चौमासिक | असार महिना |
|---|---|---|---|---|---|---|
| | बजेट | खर्च | खर्च (रु.) | खर्च (रु.) | खर्च (रु.) | खर्च (रु.) |
| पुँजीगत | ३७७१८४३६३ | २६३७५४६६३ | २६२०६७११ | ८७९१८२२१ | १४९६२९७३१ | ४२९७६६२८.३६ |
| खर्च प्रतिशत | | | ९.९४ | ३३.३३ | ५६.७३ | १६.२९ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. ३७,७१,८४,३६३।०० बजेट भएकोमा रु. २६,३७,५४,६६३।०० खर्च भएको छ । खर्च मध्ये प्रथम चौमासिकमा रु. २,६२,०६,७११।०० (९.९४ प्रतिशत), दोस्रो चौमासिकमा रु. ८,७९,१८,२२१।०० (३३.३३ प्रतिशत) र तेस्रो चौमासिकमा रु. १४,९६,२९,७३१।०० (५६.७३ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ४,२९,७६,६२८.३६ (१६.२९ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरीनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

९ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको आ.व. २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| मुख्य क्षेत्र | वार्षिक बजेट (रु.) | खर्च रकम (रु.) | खर्च प्रतिशत | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|---|
| आर्थिक विकास | ८०३४१७५५ | ५६३०६४८९.५ | ७०.०८ | ७.१७ |

| | | | | |
|---|---|---|---|---|
| सामाजिक क्षेत्र | ४५०७४८५७५ | ४१३८८५४५९ | ९१.८२ | ५२.६८ |
| पूर्वाधार विकास क्षेत्र | २९२४४१७४० | १६९२४३९७० | ५७.८७ | २१.५४ |
| वातावरण तथा विपद् व्यवस्थापन | ७८३१००० | ३३०९७९७ | ४२.२६ | ०.४२ |
| संस्थागत विकास र सेवा प्रवाह | २३०००००० | ० | ० | ०.०० |
| वित्तीय व्यवस्थापन र सुशासन | २७६९६००० | १४८९४८९४ | ५३.७७ | १.९० |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १६२५१४२०० | १२७९९७५१३ | ७९.३७ | १६.२९ |
| **जम्मा** | **१०२३८७३२७०** | **७८५६३८१२२** | **७६.७३** | **१००.००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी अर्थात् ९१.८२ प्रतिशत र वातावरण तथा विपद् व्यवस्थापनमा सबैभन्दा घटी अर्थात् ४२.२६ प्रतिशत खर्च भएको छ। त्यस्तै कुल खर्च मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी अर्थात ५२.६८ प्रतिशत खर्च भएको तथा संस्थागत विकास र सेवा प्रवाह क्षेत्रमा खर्च नभएको र वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा सबै भन्दा कम अर्थात ०.४२ प्रतिशत खर्च भएको छ । पालिकाको स्थानीय आवश्यकता तथा माग अनुसारको बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१० **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । पालिकाले सामुदायिक रेडियो स्याङ्जा एफ.एम. सँग प्रति पटकको लागि रु. ५०,०००।०० मा सम्झौता गरी ४ पटक सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरेको छ । पालिकाले नियमानुसारको कार्यविधि अवलम्बन गरी मितव्ययी तरिकाले सार्वजनिक सुनुवाईको कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

११ **अनुत्पादक तथा वितरणमुखी खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लक्षित उद्देश्य प्राप्तिको लागि रकम खर्च गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले देहाय अनुसार अनुत्पादक कार्यमा रकम खर्च गरेको देखिन्छ । यसबाट उत्पादनमूलक र रोजगारी सिर्जना हुने क्षेत्रमा गर्नुपर्ने खर्चमा कटौती हुने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । यस्ता केही खर्च देहायअनुसार छन्:

| भौचर नं. | विवरण | रकम (रु.) |
|---|---|---|
| ७२ | तिज कार्यक्रम सहयोग | १५००० |

| | | |
|---|---|---|
| | भेषभुषा खरिद | २५००० |
| | तीज गित प्रतियोगिता | १०००० |
| १०३ | साँस्कृतिक कार्यक्रम | २०००० |
| १२६ | तिज गित प्रतियोगिता | १०००० |
| २१० | साधारणसभा, सम्मान तथा कलाकार कल्याणकारी कोष घोषणा कार्यक्रम | ८००० |
| २२३ | तिज गित प्रतियोगिता सहयोग | १०००० |
| ३१२ | कार्यक्रम व्यवस्थापन | १०००० |
| ३२६ | मोटरसाइकल र्‍याली | २०००० |
| ४४८ | तिज गित कार्यक्रम | १०००० |
| ४७४ | तिज गित प्रतियोगिता | २०००० |
| ६३० | पोशाक तथा बाजा खरिद | ५०००० |
| ६५१ | अवलोकन भ्रमण | ५०००० |
| ६९९ | भाँडा खरिद | १५००० |
| **जम्मा** | | **२,७३,०००** |

१२ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी कार्यपालिकाको निर्णय तथा नगर प्रमुखको तोक आदेशमा औषधी उपचार समेतका लागि विभिन्न संघसंस्था र व्यक्तिहरूलाई रु.७,०९,३१० आर्थिक सहायता वितरण गरेको छ । आर्थिक सहायता वितरणको स्पष्ट लगत तथा अभिलेख समेत राखेको छैन । निश्चित विधि र मापदण्ड बेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

१३ **जिन्सी दाखिला -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण कागज संलग्न हुनुपर्ने उल्लेख छ । UNDP को आर्थिक तथा प्राविधिक सहयोग र सुर्योदय क्लवको व्यवस्थापनमा सञ्चालित हरित पुनरुत्थान तथा कोभिड-१९ प्रतिकार्य पहल अन्तर्गत सञ्चालित कार्यक्रम अन्तर्गत देहाय बमोजिमका होमस्टे तथा फर्महरूले खरिद गरेका सामानहरू सम्बन्धित कार्यालयमा दाखिला भएको नदेखिएकोले दाखिला भएको प्रमाण पेस गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु.

| भौचर नं. | होमस्टे/फर्म | सामानहरू | रकम (रु.) |
|---|---|---|---|
| ५०१ | कोल्मा सामुदायिक होमस्टे | फर्निचर तथा भेषभुषा समेत | २५३२३९ |

| | | | |
|---|---|---|---|
| ५०४ | चच हुई भ्यु रेष्टुरेण्ट | GI Gabion Rola तथा प्लाष्टिक टनेल समेत | ७१४७६ |
| ५०५ | चण्डिकालिका अर्गानिक कृषि पशुपन्छी तथा एग्रो फर्म | भाँडाकुँडा तथा फर्निचर | १९७७६० |
| **जम्मा** | | | **५,२२,४७५** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,२२,४७५ |

१४ **कार्यसम्पादन प्रतिवेदन -** शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरू कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरू स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको निर्देशन अनुसार प्राप्त कार्यक्रम अनुरूप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । पालिकाले श्री त्रिभुवन आदर्श मा.वि.लाई निम्नानुसार कामको लागि रु. ८२ लाख निकासा दिएकोमा सोसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरूले पालिकामा पेश गरेको छैन। तसर्थ निर्माण तथा अन्य कार्यक्रमसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु.

| क्र.सं. | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|
| १ | नमुना विद्यालय सुधार गुरुयोजना अनुरूप भौत्तिक निर्माण | ५000000 |
| २ | नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वयनको लागि कार्यसम्पादनमा आधारित अनुदान | ३000000 |
| ३ | नमुना विद्यालयको सेवा अनुवन्धको आधारमा नियुक्त हुने प्रअ र शिक्षकको लागि विद्यालय मार्फत प्रोत्साहन अनुदान | २00000 |
| जम्मा | | ८२00000 |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८२,00,000 |

१५ **अवकास कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी अवकास कोषमा रु. २५,००,०००।०० ट्रान्सफर गरेको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन ।

कानुन नबनाई रकम ट्रान्सफर गर्दा कोषको सञ्चालन तथा व्यवस्थापत पक्ष कमजोर हुन जान्छ । कोष सञ्चालन सम्बन्धी कानुन निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ ।

१६ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फाल्गुन महिनाभित्र सम्पन्न गरीसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१७ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

१८ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्ने व्यवस्था छ । यस पालिकाले आवधिक योजना तयार गरेकोमा आवधिक योजना र पालिकाले वार्षिक बजेट तथा कार्यक्रम विच तादाम्याता देखिँदैन । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना अनुरूप बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१९ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरीवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र साँस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार १४ वडाको लागि ५८४ वडास्तरीय र १९० वटा पालिकास्तरीय गरी कुल ७७४ योजनामा रु. १३ करोड ५९ लाख ५१ हजार बजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १९० | ४ | १३ | १७३ |
| २. | वडास्तरीय | ५८४ | ० | २ | ५८२ |
| **जम्मा** | | **७७४** | **४** | **१५** | **७५५** |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

२० **सेवा प्रवाह** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा नगरपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । नगरपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष पालिकाले जन्म दर्ता १३५६, विवाह दर्ता ७०४, मृत्युदर्ता ४३५, सम्बन्धविच्छेद ९७, बसाईँसरी जाने ४०५, बसाईँसरी आउने १६० दर्ता गरी सेवा प्रवाह गरेको छ ।

२१ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरीसक्नुपर्ने व्यवस्था छ । पालिकाले जिन्सी निरिक्षण प्रतिवेदन तयार गरेपनि सोको कार्यान्वयन गरेको छैन। जिन्सी निरिक्षण प्रतिवेदन अनुसार मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

२२ **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. २६ करोड ३७ लाख पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

२३ **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र ७४ वटा सहकारी संस्था रहेका छन् । सो मध्ये एक

सहकारी समस्या ग्रस्त रहेको पालिकाले जनाएको छ । पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

२४ **अनुगमन -** सार्वजनिक स्रोत साधनको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्दछ। पालिकाले देहायबमोजिम अनुदान दिएकोमा सोको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेस गरेको नदेखिएकोले अनुगमन प्रतिवेदन पेस गर्नुपर्ने रु.

| भौचर नं. | भुक्तानी भएको पक्ष | कार्यक्रम/प्रयोजन | रकम (रु.) |
|---|---|---|---|
| ५४३ | शिशुकल्याण आधारभूत विद्यालय | स्टेशनरी तथा सन्दर्भ सामग्री | ८४००० |
| ७४१ | मदरसा र सामुदायिक सिकाई केन्द्र | | ८००००० |
| **जम्मा** | | | **८८४०००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,८४,००० |

२५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

२६ **विज्ञापन बोर्ड शुल्क -** विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ (पहिलो संशोधन समेत) को नियम ६क. को उपनियम (२) मा सरकारी निकाय वा कार्यालयको सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यममार्फत कारोबार भएको भए सञ्चार माध्यमले जारी गरेको बिलबमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपि सहित ऐजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । त्यस्तै विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ को उपदफा २ख. र विज्ञापन नियमन गर्ने नियमावली, २०७७ को नियम ६क. को उपदफा ३ र ४ बमोजिम तीन प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको खातामा पठाउने व्यवस्था छ । नमुना छनौटको रूपमा भौचरहरू परीक्षण गर्दा पालिकाले सूचना प्रकाशनबापत निम्नानुसारका सञ्चार माध्यम/एजेन्सीलाई भुक्तानी गर्दा विज्ञापन बोर्ड शुल्क कट्टी गरी विज्ञापन बोर्डको खातामा पठाएको देखिएन । आगामी दिनमा सुधार गर्नुपर्दछ ।

| भौचर नं. | सञ्चार माध्यम/एजेन्सी | भुक्तानी रकम(रु.) |
|---|---|---|

| | | |
|---|---|---|
| ५ | ऐना एडभरटाइजमेन्ट प्रा.लि. | ७४९१९ |
| १२७ | दर्शन मिडिया होम | ५४९१९ |
| ४२२ | ग्लोबल मिडिया होम | ६८६४८ |
| ५३१ | डबल यु प्रा.लि. | ५६५०० |
| ५५४ | आर आर एड मिडिया | १३८४२५ |

२७ **विद्युत महसुलमा जरिबाना -** विभिन्न करार सम्झौता तथा कानुन अनुसार सिर्जित दायित्व समयमै भुक्तानी गर्नु करारीय पक्षको दायित्व हुने गर्दछ । पालिकाले आ.व. २०७९।०८० मा विद्युत महसुल बापतको रकम समयमै भुक्तानी नगरेकोले एकै बर्थिक वर्षमा भौ.नं. ४९३ र १००४ बाट विद्युत महसुल जरिबाना बापत रु.१६,६४१ नेपाल विद्युत प्राधिकरणलाई भुक्तानी गरेको देखिन्छ । विद्युत महसुल समयमै भुक्तानी नगरेको कारण जरिबाना बापतको रकमले थप व्ययभार सिर्जना भएको छ । समयमै विद्युत महसुल नतिरेको कारण दायित्व सिर्जना भई भुक्तानी भएको रकम अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १६,६४१ |

२८ **प्रमाण पेस गर्नुपर्ने -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । UNDP को आर्थिक तथा प्राविधिक सहयोग र सुर्योदय क्लवको व्यवस्थापनमा सञ्चालित हरित पुनरुत्थान तथा कोभिड-१९ प्रतिकार्य पहल अन्तर्गत सञ्चालित कार्यक्रममा उद्यम चौतारी प्रा.लि. बाट Industrial Bag closer c४ समेत १३ pcs सिलाई मेसिन रु.१२८००० मा खरिद गरिएकोमा सोको खरिद आदेश,दाखिला प्रतिवेदन नभएको तथा वितरण भएको भरपाई समेत पेस नभएकोले प्रमाण पेस हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२८,००० |

२९ **पाइप जडान -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा दिनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न मितिमा पाइपहरू खरिद गरेकोमा उक्त पाइपहरू जडान भएको प्रमाण पेस भएको छैन । यसबाट खरिद भएको पाइप जडान भए नभएको यकिन भएन । उक्त पाइप जडानको प्रमाण पेस गर्नुपर्ने रु.

| भौचर नं | विवरण | रकम(रु.) |
|---|---|---|
| ११७ | एचडिपि पाइप | २१३०१२ |
| ९३१ | पोलिथिन पाइप तथा पानीको फिटिङ्ग समेत | ५१०३० |
| २९४ | एचडिपि पाइप | १४५२१४७ |
| ५५८ | ग्यावियन जाली | ४७१९८७ |
| **जम्मा** | | **२१८८१७६** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,८८,१७६ |

३० **मूल्य अभिवृद्धि कर कट्टी नगरेको -** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा आपूर्ति बापतको रकम सम्बन्धित निर्माण व्यवसायी वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिम निर्माण व्यवसायी/परामर्शदाताबाट ३० प्रतिशत मूल्य अभिवृद्धि कर कट्टी नगरी भुक्तानी दिएकोले कर समायोजन पेस गर्नुपर्ने अन्यथा मूल्य अभिवृद्धि कर असूल गर्नुपर्ने रु.

| भौचर नं. | भुक्तानी भएको पक्ष | जम्मा बिल रकम(रु.) | मु अ कर (रु.) | ३०% मु.अ.कर |
|---|---|---|---|---|
| ११५ | स्कोलर नेपाल प्रा.लि. | २४९४४९ | २८७०३ | ८६११ |
| ६४ | भाइब्रेसन मिडिया प्रा.लि. | ३३९००० | ३९००० | ११७०० |
| ४७० | सांग्रिला इन्फरमेटिक्स प्रा.लि. | ३१०२५३ | ३५६९३ | १०७०८ |
| ५६१ | सर्गम कन्सट्रक्सन | ३११४३३ | ३५८२८ | १०७४८ |
| ५७२ | कृतज्ञ इन्जिनियरिङ प्रा.लि. | ४९२११५ | ५६६१५ | १६९८५ |
| ९२६ | लक्ष्मी स्मृति सामुदायिक पुस्तकालय | १५०००० | १७२५६ | ५१७७ |
| | **जम्मा** | | | **६३,९२९** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६३,९२९ |

३१ **आन्तरिक लेखापरीक्षण तर्फको लगती बेरुजु -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा

प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७९।८० को आर्थिक कारोबारको चौमासीक रूपमा नगरी वर्षको अन्त्यमा आन्तरिक लेखापरीक्षण गराएको छ । आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजु अन्तिम लेखापरीक्षण हुन अगावै असूल फछ्यौट गर्नुपर्नेमा गरेको छैन । आन्तरिक लेखापरीक्षणबाट औंल्याईएको सैद्धान्तिक विषयहरूलाई समेत सुधार गर्नुपर्ने दखिन्छ । आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको निम्नानुसार (अनुसूचीमा संलग्न छ) बेरुजु नियमानुसार असूल फछ्यौट गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५३,८३४ |

**(विस्तृत विवरण बेरूजु दफा ३१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३२ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बापत अनुमानित रु.४,२१,३५,०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.३,२७,९४,९३४।०० अर्थात अनुमानको ७७.८३ प्रतिशत मात्र आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३३ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छः

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४१६७०४२२२.०८ | ३,२७,९४,९३४ | ७.८७ |

उपर्युक्त विवरण अनुसार यस स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ७.८७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३४ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल बिरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असूली स्थिति निम्नानुसार रहेको देखिन्छः

| आय शीर्षक | अनुमान | असूली | असूली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर | ५०००००० | ४९१६०२१ | ९८.३२ |
| घरजग्गा कर | ७०००००० | ४४८०१०० | ६४.०० |

| | | | |
|---|---|---|---|
| घरजग्गा वहाल कर | १५००००० | ३३८२३८९ | २२५.४९ |
| व्यवसाय कर | १३००००० | ३७२६८३० | २८६.६८ |
| वहाल विटौरी शुल्क | ६०००० | १००५०० | १६७.५० |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

३५ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क बापत रु. १३ लाख आय अनुमान गरेकोमा रु. ३७,२६,८३० सङ्कलन गरेको छ । पालिकाको आफ्नो क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अद्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३६ **सामुदायिक वनको आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) मा आफ्नो क्षेत्रभित्रको सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावरको विक्री बापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्रको तल उल्लिखित सामुदायिक वनबाट वन पैदावरको विक्री बापत रु. ११,७६,३०३।०० आम्दानी गरेको छ। उक्त सामुदायिक वनले ऐनमा भएको व्यवस्था बमोजिम १० प्रतिशतले हुने रु. १,१७,६२९।०० स्थानीय सञ्चित कोषमा दाखिला गरेको छैन। सामुदायिक वनको आयबाट पालिकासँग रकम बाँडफाँड गर्नुपर्ने सम्बन्धमा आन्तरिक नियन्त्रण प्रणाली विकास नगरेको कारण पालिकामा रकम जम्मा नभएको देखिन्छ।सम्बन्धित सामुदायिक वन उपभोक्ता समितिबाट असूल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नपर्ने रु.

| क्र.सं. | सामुदायिक वनको नाम | वनपैदारवार बिक्रीबाट प्राप्त रकम | १०% ले हुने रकम |
|---|---|---|---|
| १ | फड्के सामुदायिक वन | ६२९९८५ | ६२९९८ |
| २ | हरीशान्ती सामुदायिक वन | ५४६३१८ | ५४६३१ |
| **जम्मा** | | **११७६३०३** | **११७६२९** |

| | |
|---|---|
| असूल गर्नुपर्ने | १,१७,६२९ |

३७ **न्यून बिजकिकरण -** सार्वजनिक खरिद नियमावलीको नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत गराएको निम्नानुसार काममा सिमेन्टको जिल्ला दररेट रु. ७२० को आधारमा दररेट विश्लेषण गरी सोही अनुसार भुक्तानी भएको छ । तर उपभोक्ता समितिबाट जिल्ला दररेट भन्दा कम

दरमा सिमेन्ट खरिदको बिल पेश गरेकोले निम्नानुसार रकम भ्याट बापत बढी भुक्तानी भएको छ । जिल्ला दररेटको आधारमा भ्याट रकम भुक्तानी हुँदा बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असूल गर्नुपर्ने रु.

| भौचर नं. | योजनाको नाम | इकाई | खपद परिमाण (बोरा) | भुक्तानी दर | खरिद दर | फरक दर | भुक्तानी | मु. अ. कर |
|---|---|---|---|---|---|---|---|---|
| २०३ | सिद्धार्थ राजमार्ग स्वाँरा सडक स्तरोन्नती | गोटा | ५२९ | ७२० | ६०० | १२० | ६३४८० | ८२५२ |
| १३ | चितिकुना कुटीमुनी मो बाटो | बोरा | ८११ | ७२० | ६१२ | १०८ | ८७५८८ | ११३८६ |
| १५ | साउनेधारा पराजुली थर मो बाटो | बोरा | ८३८ | ७२० | ६१२ | १०८ | ९०५०४ | १०४१२ |
| १८ | नगरपालिका पश्चिम गेट देखी पुर्विगेट सम्म नाला | बोरा | ४२६ | ७२० | ६०० | १२० | ५११२० | ५८८१ |
| २३ | चितिकुना कुटीमुनी खानेपानी योजना | बोरा | २६५ | ७२० | ४३५ | २८५ | ७५५२५ | ८६८९ |
| ७५६ | अर्घालि बगर ग्रा स उपभोक्ता समिति | बोरा | २६५ | ७२० | ६०० | १२० | ३१८०० | ३६५८ |
| ६८४ | शंखपुर सामुदायिक भवन | बोरा | ५५ | ७२० | ४७८ | २४२ | १३३१० | १५३१ |
| ६६७ | गौतम डाँडा दुईघरे सडक | बोरा | १८० | ७२० | ६३५ | ८५ | १५३०० | १७६० |
| जम्मा | | | | | | | | **५१५६९** |

***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२२ मा सक्षम आमा समूह को रु.३,३८८ र नयाँ बजार टोल समिति भवनको रु.२,६६५ सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असूल गर्नुपर्ने | ५१,५६९ |

३८ **बीमा -**

३८.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि बाहेक सम्पूण जोखिम वहन गर्ने गरी बीमा गराउनु पर्ने तथा बीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । आयोजनाले तपशिल बमोजिमका ठेक्काहरूमा बीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी बीमा नगराई नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ

जिम्मेवार बनाई बीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ आयोजनाले ध्यान दिनुपर्दछ।

| ठेक्का नं. | निर्माण व्यवसायी | सम्झौता रकम | कैफियत |
|---|---|---|---|
| PBM/WORKS/NCB-०९/०७६/०७७ | Shree Geeta/Simran/Shree Creative JV, Syangja | ६९,६२५,१११ | पुरा अवधि नभएको |
| PBM/WORKS/NCB-०९/०७६/०७७ | Nayabato/GS Engineering JV, Pokhara, Kaski | २८,८०२,७१० | पुरा अवधि नभएको |
| ०२/PM/NCB/WORKS/०७८/०७९ | M/S Saujan Construction, Putalibazar-०८, Syangja | ६,२९८,२८७ | पुरा अवधि नभएको |
| ०३/PM/NCB/WORKS/०७९/०८० | Rahul/Lakhey Jv,Putalibaza-१३ | ९,०३१,६४७ | बीमा नगरेको |
| ०५/PM/NCB/WORKS/०७९/०८० | M/S P.S-Bikendra-Brihaspati Jv.Jajarkot Khalanga | १४,९७२,९१७ | बीमा नगरेको |
| PM/NCB/WORKS/०९/०७८/०७९ | M/S Saujan Construction, Putalibazar-०८, Syangja | १,८२४,९१५ | बीमा नगरेको |
| ०५/PM/NCB/WORKS/०७९/०८० | M/S P.S-Bikendra-Brihaspati Jv.Jajarkot Khalanga | १४,९७२,९१७ | बीमा नगरेको |

३८.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। ठेक्का नं. NP-DUDBC-२१६३३४-CS-QCBS का परामर्शदाता कम्पनी जि. ओ. ई. सी. । डिजिकन। बिम। ईम्पेल्स। सेड्स जे. भी. सँग भएको सम्झौतामा बीमा लाई पि एस आईटममा राख्नुपर्नेमा Job मा राखेर बीमा बापत रु. २,५०,००० भुक्तानी भएको छ । तर रु. १,१६,२४२ को मात्र बिल पेश भएकोले रु. १,३३,७५८ बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम सम्बन्धित परामर्शदाता कम्पनीबाट असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असूल गर्नुपर्ने | १,३३,७५८ |

३९ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

४० **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद

सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । निम्नानुसार उपभोक्ता समितिहरूले निम्नानुसार काम गर्दा निम्न परिमाणमा सिमेन्ट बापत भुक्तानी लिएकोमा सो परिमाणमा सिमेन्ट खरिद गरेको पाइएन । यसबाट खर्च नगरी भुक्तानी लिएको देखिन्छ । खरिद गरेको भन्दा बढी परिमाणमा सिमेन्टको जिल्ला दररेटको आधारमा भुक्तानी दिएको रकम असूल गर्नुपर्ने रु.

| भौचर | योजना | भुक्तानी भएको | खरिद | बढी परिमाण | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| ६६७ | गौतम डाँडा दुईघरे सडक | १८० | १२५ | ५५ | ३९६०० |
| | **जम्मा** | | | | **३९६००** |

***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२२ मा नयाँ बजार टोल समिति भवनको रु.२३,७६० सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असूल गर्नुपर्ने | ३९,६०० |

४१ **एज विल्ड ड्रईङ्ग पेश नगरेको -** पुतलीखेत-उनियाचौर सडक स्तरोन्नती कार्य (ठेक्का नं. ०२/PM/NCB/WORKS/०७८/०७९) का निर्माण व्यवसायी M/S Saujan Construction, Putalibazar-०८, Syangja सँग भएको ठेक्का सम्झौता को GCC७२.२ मा कार्यसम्पन्न भएको १५ दिन भित्र As-build drawing पेश गर्नुपर्ने र नगरेमा रु. २०,००० withheld गर्ने व्यवस्था छ । निर्माण व्यवसायीले २०८०।२।२० मा कार्यसम्पन्न गरेकोमा तोकिए बमोजिम As build drawing पेश भएको छैन। सम्झौता बमोजिमको रकम असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असूल गर्नुपर्ने | २०,००० |

४२ **कार्यसम्पादन जमानत -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा सम्झौता गर्न बोलपत्र दाताले ऐनको दफा २७ (४) बमोजिम त्रुटि सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले ठेक्का व्यवस्थापन गरेका निम्नानुसार ठेक्काहरूको कार्यसम्पादन जमानतको म्याद आवश्यक भन्दा कम अवधिको छ। यसबाट ठेक्का व्यवस्थापन कार्यमा असर पर्दछ। सम्बन्धित निर्माण व्यवसायीबाट तोकिएको अवधिको कार्यसम्पादन जमानत लिनु पर्ने रु.

| ठेक्का नं. | निर्माण व्यवसायी | ठेक्काअवधि | PG म्याद | PG कोआवश्यकम्याद | रकम |
|---|---|---|---|---|---|
| PBM/WORKS/NCB-०९/०७६/०७७ | Shree Geeta/Simran/Shree Creative JV, Syangja | ३०/९/२०८० | २०८०।६।१२ | २०८१।१०।३० | ६९१९०००.०० |
| PBM/WORKS/NCB- | Nayabato/GS | ३०/९/२०८० | २०८१।४।२९ | २०८१।१०।३० | २२८५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ०९/०७६/०७७ | Engineering JV, Pokhara, Kaski | | | | |
| | **जम्मा** | | | | ९२०४०००. |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९२,०४,००० |

४३ **आय ठेक्का व्यवस्थापन -**

४३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा ११ मा पालिकाले आन्तरिक स्रोत अभिवृद्धि गर्न पालिका भित्रको आन्तरिक स्रोतहरूको अधिकतम परिचालन गर्नुपर्दछ। पालिकाले वातावरणीय प्रभाव मूल्याङ्कन गरेको निम्नानुसार घाटहरूबाट वार्षिक निम्नानुसार परिमाणमा ढुङ्गा गिट्टि तथा बालुवा उत्खनन् गर्न सकिने गरी सिमा निर्धारण गरेको छ। पालिकाले सोही आधारमा ठेक्का प्रक्रियाबाट निम्नानुसार फर्महरूसँग सम्झौता गरी आय ठेक्का लगाएको छ।

| ठेक्काको विवरण | वातावरणीय प्रभाव मूल्याङ्कन अनुसार उत्खनन् गर्न सकिने परिणाम | ठेक्का सम्झौतामा उल्लेखित परिणाम | सम्झौता रकम | उत्खनन् परिणाम | अग्रिम आय कर |
|---|---|---|---|---|---|
| आँधीखोला नाका १ सौजन कन्ट्रक्सन पु.व.न.पा ७ | ४७४६.७५ | ४७४६.७५ | १३६५००० | ३९८७.५ | १८११९ |
| आँधीखोला नाका २ सत्य निर्माण सेवा पु.व.न.पा १ | १५३३५.८३ | १५३३५.८३ | ३७९२०३५ | १२७०० | ५०३३७ |
| आँधीखोला नाका ४ रारा निर्माण सेवा पु.व.न.पा १३ | १२६४०.९७ | १२६४०.९७ | ३१२२४३२ | ९२५० | ४१४४८ |
| आँधीखोला नाका ५ अंगेर भंगेर निर्माण सेवा आँधीखोला गा.पा ६ | ५३६४.५७ | ५३६४.५७ | १३२७४३४ | ४५६० | १७६२१ |
| रिङदीखेला नाका ६, रारा निर्माण सेवा पु.व.न.पा १३ | ७८७.५ | ७८७.५ | १९८००० | ६४८ | २६२८ |
| सुरौदीखोला प्यूरीदेभान नाका ७ वि एण्ड वि कन्ट्रक्सन पोखरा २१ | ११७७.५ | ११७७.५ | २९०८६० | ८०० | ३८६१ |
| **जम्मा** | | | **१००९५७६१** | | **१३४०१५** |

४३.२ ठेकेदारहरूले सम्झौता अनुसार ढुङ्गा गिट्टि तथा बालुवा उत्खनन् गरेको उल्लेख गरेपनि पालिकाले अधिकतम उत्खनन् परिमाण भित्र रहेर उत्खनन् भए नभएको सम्बन्धमा यकिन गर्न आन्तरिक नियन्त्रण प्रणाली निर्माण, आवश्यक अनुगमन तथा मूल्याङ्कन, सम्झौता गर्ने फर्महरूलाई जिम्मेवार बनाउने काम गरेको छैन। यसबाट बढी परिमाणमा ढुङ्गा गिट्टि बालुवा उत्खनन् भई वातावरणीय प्रभाव पर्ने देखिन्छ। वातावरणीय प्रभाव मूल्याङ्कनबाट कायम भएको अधिकतम उत्खनन् परिमाणको सिमा भित्र रहेर मात्र

उत्खनन् गर्ने व्यवस्था गर्नुपर्दछ।

४३.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असूली गर्ने व्यवस्था छ । पालिकाले यो वर्ष बन्दोबस्त गरेको आँधीखोला नाकाको ठेक्का नं. ५ को ठेकेदार श्री सत्य निर्माण सेवाबाट सम्झौता अनुसार रु. ३७,९२,०३५ असूल गर्नुपर्नेमा रु ३४,५७,०२० मात्र असूल गरेकोले बाँकी रकम सम्झौताअनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असूल गर्नुपर्ने | ३,३५,०१५ |

४३.४ पालिकाले आय ठेक्कामा १.५ प्रतिशतको दरले अग्रिम आयकर समेत जोडेर असूल गरी सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्नेमा असूल गरेको छैन । व्यवसायी आफैले कर बुझाउने भएकोले असूल नगरेको पालिकाको भनाई रहेको छ । तर व्यवसायीले कर रकम बुझाए नबुझाएको एकिन छैन । अतः कर बुझाएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गरी सङ्घीय सञ्चितकोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असूल गर्नुपर्ने | १,३४,०१५ |

४४ **नन्फाइलर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। तर पालिकाबाट देहायका फर्मलाई निम्नानुसार रकम भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरू कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो। कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

| ठेक्का नं | निर्माण व्यवसायी | पान नं. | बिल रकम | भ्याट रकम |
|---|---|---|---|---|
| PBM/WORKS/NCB-०९/०७६/०७७ | Nayabato/GS Engineering JV, Pokhara, Kaski | ६०८२८६९७८ | २७१३७४० | ३१२२०० |
| ०५/PM/NCB/WORKS/०७८/०७९ | Hamro Engineering and Construction Pvt. Ltd, Waling, Syangja | ६०७७९२५११ | ३३९२७२५ | ३९०३१३ |
| ०५/PM/NCB/WORKS/०७८/०७९ | Hamro Engineering and Construction Pvt. Ltd, Waling, Syangja | ६०७७९२५११ | ३५९५६५४ | ४१३६५९ |
| ०२/PM/NCB/WORKS/०७८/०७९ | M/S Saujan Construction, Putalibazar-०८, Syangja | ६०६०७८४९० | ३४५८५८७०७ | ३९७९०४ |
| DPR | M/S Delcon | ६१००९७६६५ | १५०५९५१ | १७३२५१ |

| | | | | |
|---|---|---|---|---|
| | International Pvt Ltd | | | |
| **जम्मा** | | | १४६६६७७ | १६८७३२७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,८७,३२७ |

४५ **प्रधानमन्त्री रोजगार कार्यक्रम-**

४५.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरीकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरूमा नगर सरसफाई, नाली खन्ने, पहिरो सफा गर्ने, ग्याविन जाली भर्ने तथा बाटो निर्माण काम लगायतका ५३ निर्माणका कार्यक्रम सञ्चालन गरी यस वर्ष ८५ जनालाई रोजगारी उपलब्ध गराई कुल ज्याला रु. ५२ लाख १२ हजार ६४ खर्च गरेको छ। लक्षित वर्गलाई औषत ९० दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको छ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सृजना भएतापनि कामको दिगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिँदैन।

४५.२ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अन्तर्गत सञ्चालन भएको सम्पूर्ण योजनाहरूमा कार्यसम्पन्न गर्दा कार्यसम्पन्न प्रतिवेदन तथा कार्य स्वीकारमा मिति उल्लेख नगर्ने र सम्झौतानुसार कार्य सम्पन्न गर्नुपर्ने मिति भन्दा एक, दुई महिना पछिको टिप्पणी उठाउने गरेकोले समयावधि भित्रै काम सम्पन्न नगरी नियमको उल्लङ्घन गरेको पाइएको छ। पालिकाले यसतर्फ उचित ध्यान दिन आवश्यक देखिन्छ।

४६ **कार्यालयको काम उपभोक्ता मार्फत -** सार्वजनिक खरिद नियमावलीको नियम ९७ मा उपभोक्ता समिती वा लाभग्राही समुदायबाट काम गराउन सकिने र लाभग्राही समुदाय भन्नाले निर्माण कार्यबाट लाभान्वित हुने स्थानीय समूह वा समुदाय सम्झनु पर्छ भनी परिभाषित गरेको छ। पालिकाले ५ नं. वडा कार्यालय व्यवस्थापन खर्च उपभोक्ता समिति गठन गरी उपभोक्ता समिति मार्फत काम गराई रु. ३,८८,०००।०० भुक्तानी गरेको छ । सरकारी कार्यालयको व्यवस्थापन सम्बन्धी काम उपभोक्ता समिति मार्फत गराउनु उचित देखिएन । आफ्नो कार्यालयको काम समेत उपभोक्ता समितिबाट गराई भुक्तानी गरेकोले अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,८८,००० |

४७ **पदाधिकारी अनुगमन -**

*........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२२ मा रु.३,४०० र मिति २०८१-१-२६ मा रु.३,४०० सम्परीक्षण गरिएको ।)*

४८ **कृषि तथा पशुमा अनुदान -**

४८.१

| भौचर न. | विवरण | अनुदान रकम |
|---|---|---|

| | | |
|---|---|---|
| १८९ | ५० प्रतिशत अनुदान धानको बिउ वितरण कार्यक्रम | ३,३५,२७० |
| २४४ | ५० प्रतिशत अनुदानमा सुन्तला वाली पकेट विकास कार्यक्रम | ११,५०,००० |
| १६७ | ५० प्रतिशत अनुदान धानको बिउ वितरण कार्यक्रम | १,७८,२३० |
| २४६ | ५० प्रतिशत अनुदानमा सुन्तला बाली पकेट विकास कार्यक्रम | ५,७०,००० |

४८.२ अनुदानको सही सदुपयोग भए नभएको सम्वन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलब्धी मापन गरेको छैन। अनुदानबाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। अनुदान रकम विभिन्न तरिकाबाट स-साना कार्यक्रम बनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुँदा ठूला अनुदानका कार्यक्रम सञ्चालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ। साथै अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको यकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ।

४८.३ कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर बनाउन सरकारले कृषि बीमा तथा पशु बीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य बीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा बीमा गर्ने गराउने तर्फ पालिकाले ध्यान नदिई अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो। एक सरकारले ल्याएको नीतिलाई अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

४९ **पशु बीमा नगरेको -** पालिकाले कृषकलाई पशु खरिद बापत रकम उपलब्ध गराउँदा सम्झौता अनुसारको कृषि, पशुपंक्षी तथा जडिवुटी बीमा निर्देशिका, २०७९ बमोजिम बीमा हुनुपर्दछ। सशर्त अनुदान कार्यक्रमतर्फ बाख्राको साना व्यावसायिक कृषि उत्पादन पकेट विकास कार्यक्रम सञ्चालनमा ५०/५० प्रतिशत लागत व्यहोर्ने गरी ४ वटा फर्मद्वारा वडा नं. ९, १३ र १४ ले स्थानीय खरि जातका १७५ वटा बाख्रा प्रति बाख्रा रु. ४५००।०० र १ व्याडे बोका बाख्रा रु. ७३५००।०० का दरले खरिद गरी ३० जना घर परिवारलाई ६ वटाका दरले वितरण गरेकोमा उक्त बाख्रा र वोकाको बीमा नगरी लागत सहभागिताको ५० प्रतिशत रकम निकासा गरेकोले १७५ वटा बाख्रा र १ व्याडे बोकाको यथासक्य बीमा गरी प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,३०,५०० |

५० **अनुगमन भत्ता -** UNDP को आर्थिक तथा प्राविधिक सहयोग र सुर्योदय क्लवको व्यवस्थापनमा सञ्चालित हरित पुनरुत्थान तथा कोभिड-१९ प्रतिकार्य पहल अन्तर्गत सञ्चालित कार्यक्रमहरूको अनुगमनका लागि विभिन्न मितिमा पालिकाका पदाधिकारी, कर्मचारी ११ जना सम्मको टोली गई भौ.नं. २८५ बाट रु.२८,०००, भौ.नं. ५३६ बाट रु.९३,०००, भौ.नं. ७९३ बाट रु.१,४७,००० अनुगमन भत्ता बुझेको देखिन्छ । उक्त कार्यक्रमहरूका लागि के कति जनाको अनुगमन समिति रहने भन्ने कुनै स्पष्ट व्यवस्था गरेको देखिदैन । अनुगमन पश्चात संयुक्त रूपमा एकै प्रकारको अनुगमन प्रतिवेदनहरू पेस भएको छ । कार्यक्रमको समग्र पक्ष, प्राप्त उपलब्धीहरू एवं गरीनुपर्ने सुधारका विषय समेत खुल्ने गरी प्रतिवेदन पेश भएको देखिदैन भने कार्यक्रमबाट प्राप्त प्रतिफल तथा सुधारका विषयमा छलफल

समेत भएको देखिदैन । अनुगमनलाई व्यवस्थित गरी कार्यक्रम कार्यान्वयलाई प्रभावकारी एवं उपलब्धीमूलक बनाउनुपर्दछ ।

५१ **अनुगमन प्रतिवेदन पेस हुनुपर्ने -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । पालिकाले UNDP को आर्थिक तथा प्राविधिक सहयोग र सुर्योदय क्लवको व्यवस्थापनमा सञ्चालित हरित पुनरुत्थान तथा कोभिड-१९ प्रतिकार्य पहल अन्तर्गत सञ्चालित कार्यक्रम अन्तर्गत बाँझो जग्गामा सुन्तला खेतीका लागि रकम भुक्तानी भएकोमा बाँझो जग्गामा सुन्तला लगाए नलगाएको सम्बन्धमा स्पष्ट खुल्नेगरी प्रतिवेदन तथा फोटोहरू पेस भएको नदेखिदा अनुगमन प्रतिवेदन तथा फोटोहरू पेस हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७२,००० |

५२ **कर्मचारी व्यवस्था -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरूमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलब भत्ता रु. ७२,७२,७५२ भुक्तानी गरेको पाइयो । निज कर्मचारीहरूलाई लोकसेवाबाट स्थायी पदपूर्ति नभए सम्मको लागि कार्यसञ्चालनको लागि मात्र करारमा नियुक्त गरिएको र स्थायी पदपूर्तिको लागि माग गरिएको पालिकाले जनाएको छ । तोकिए बमोजिम स्थायी पदपूर्ति गरी सेवा प्रवाहलाई व्यवस्थित बनाउनु पर्दछ ।

| पद | नियुक्ति संख्या | तलब भत्ता रु. |
|---|---|---|
| स्वास्थ्य सहायक पाँचौ तह | २ | ९२२९८० |
| अहेव र अनमी | ७ | ३०६४०८२ |
| प्रशासन सहायक चौथो | ३ | १३६३१७८ |
| सहायक कम्प्युटर अपरेटर चौथो तह | ८ | १९२२५१२ |
| **जम्मा** | | **७२७२७५२** |

५३ **तलबी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ४१ कर्मचारीको रु. २,४७,४५,९५९।१४, र पालिकाका ६८ कर्मचारीको रु. ४,३३,३३,८४३ समेत रु. ६,८०,७९,८०२।९२ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी

खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

५४ **पालिकासँग असम्बन्धित पुस्तक खरिद -** अर्थ मन्त्रालयबाट जारी भएको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा ६(३) मा सरकारी निकायको कामसँग सम्बन्धित पुस्तक तथा पत्रपत्रिका मात्र खरिद गर्न पाइने व्यवस्था छ । पालिकाले देहायबमोजिमका पुस्तकहरू खरिद गरेकोमा उक्त पुस्तक कार्यालयसँग सम्बन्धित रहेको भन्ने स्पष्ट आधार देखिंदैन । कार्यालयको काम कारबाहीसँग असम्बन्धित खर्च अनियमित देखिएको रु.

| भौचर नं. | पुस्तक | थान | मूल्य (रु.) |
|---|---|---|---|
| १८९ | मेरो जीवनयात्रा यातना र पीडाको कथा | ३०० | ५०००० |
| ३२३ | गर्न सिकौ मेल (बालगित तथा कविता सङ्ग्रह) | ६७ | १०००० |
| **जम्मा** | | | **६०,०००** |

| | |
|---|---|
| अनियमित भएको | ६०,००० |

५५ **मापदण्ड विपरीत बैठक भत्ता -** गण्डकी प्रदेश खर्च मापदण्ड २०७९ को दफा ३ मा बैठक भत्ता प्रदान गर्ने आधारहरूमा बैठक सार्वजनिक बिदाका दिन वा कार्यालय खुलेको दिन कार्यालय समय अघि वा पछि बसेको हुनुपर्ने, स्पष्ट विषयवस्तु तथा कार्ययोजनाबिना बसेको बैठककमा भत्ता प्रदान नगरिने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगरिने,कानुन तथा कुनै निर्णय एवं आदेशबाट गठित समिति वा कार्यदलको बैठकका लागि मात्र भत्ता प्रदान गरिने, बैठकमा आवश्यकता अनुसार बढीमा ३ जना सम्म थप व्यक्ति राख्न सकिने, कार्य प्रकृति अनुसार मितव्ययी ढंगले न्यूनतम संख्यामा बैठक बसी कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले कानुनद्वारा स्थापित नभएका विभिन्न समितिहरूको बैठक, समय नखुलाई बसेको बैठक,कार्यालय भित्रकै पदाधिकारी तथा कर्मचारी मात्र बसेको बैठक तथा अधिक संख्यामा थप व्यक्तिहरू राखी बैठक भत्ता भुक्तानी दिएको देखिदा यसरी बैठक भत्ता दिनु मापदण्ड विपरीत देखिएकोले पालिकाले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। यसरी मापदण्ड विपरीत बैठक भत्ता बापत रकम भुक्तानी दिनु अनियमित देखिएको रु.

| भौचर नं | समिति | बैठक भत्ता (रु.) | व्यहोरा |
|---|---|---|---|
| ११ | घरनक्सा पास तथा अभिलेखिकरण गर्ने सम्बन्धमा अनुगमन तथा निरीक्षण समिति | ६३००० | कानुनद्वारा स्थापति नभएको, कार्यालयका कर्मचारीहरू मात्रै बसेको बैठक,समय उल्लेख नभएको |
| ८४ | करार कर्मचारी छनौटका लागि बसेको बैठक | ४९००० | कार्यालयका कर्मचारीहरू मात्रै बसेको बैठक, आमन्त्रित सदस्यका रूपमा कार्यालयकै कर्मचारीहरू आमन्त्रित सदस्य ५ जना सम्म |

| | | | |
|---|---|---|---|
| १०१ | बोलपत्र मूल्याङ्कन समिति | १३५००० | ७ जना आमन्त्रित सदस्य |
| १४३ | घरनक्सा पास अभिलेखीकरण अनुगमन समितको बैठक | ४०००० | समय उल्लेख नभएको, कार्यालयका कर्मचारी मात्रै |
| ३५० | बोलपत्र मूल्याङ्कन समिति | ४५७००० | सार्वजनिक खरिद नियमावलीको नियम १४७ बमोजिम समिति गठन भएको नदेखिएको, प्रशासन शाखा प्रमुख र योजना शाखा प्रमुख समेतलाई सदस्यको रूपमा राखिएको, ३ जनाभन्दा बढी थप व्यक्तिहरू, |
| | आर्थिक विकास समिति<br>राजस्व परामर्श समिति | | समय उल्लेख नभएको, १० जना सम्म थप व्यक्तिहरू |
| | आन्तरिक लेखापरीक्षणको प्रतिवेदन सम्बन्धमा बैठक | | समय उल्लेख नभएको,३१ जनाको उपस्थिति |
| ३८८ | सामाजिक सुरक्षा भत्ता बैङ्किङ्ग प्रणालीबाट वितरण गर्ने कार्यको लागि बसेको बैठक | १०४००० | कानुनद्वारा स्थापित नभएको, समय उल्लेख नभएको |
| ४०२ | घर नक्सा पास तथा अभिलेखिकरण गर्न सम्बन्धमा अनुगमन तथा निरीक्षण समिति | ६६००० | कानुनद्वारा स्थापित नभएको, समय उल्लेख नभएको, कार्यालयका कर्मचारी मात्रै |
| ५३९ | घरनक्सा पास तथा अभिलेखिकरण गर्ने सम्बन्धमा अनुगमन तथा निरीक्षण समिति | ११३००० | कानुनद्वारा स्थापित नभएको,समय उल्लेख नभएको, कार्यालयका मात्रै |
| ५७१ | स्थानीय स्तरको अनुगमन मूल्याङ्कन तथा सुपरिवेक्षण समिति | ९६९०० | समय उल्लेख नभएको,१० जना सदस्य रहेको,सदस्य र आमन्त्रित स्पष्ट नखुलेको,महिनामा ११ वटा बैठक |
| १०४१ | राजस्व परामर्श समिति | ५६१०० | ९ जना सम्म थप व्यक्तिहरू |
| | व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी अन्यौल बारे अन्तरक्रिया कार्यक्रम | | समय उल्लेख नभएको,३५ जना उपस्थिति |
| | **जम्मा** | **११,८०,०००** | |

| | |
|---|---|
| अनियमित भएको | ११,८०,००० |

५६ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय

तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २५२ दरबन्दी स्वीकृत रहेकोमा १९२ पदपूर्ति भएकोको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका सिनियर डिभिजन ईन्जिनियर १, कृषि अधिकृत १, ईन्जिनियर १ सहित ६० पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरू यथाशक्य छिटो पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

५७ **भाडा उठाउन बाँकी -** पुतलीबजार नगरपालिका अन्तर्गत पर्ने नगर विकास समितिको आ. व. ०७९।८० मा लेखापरिक्षण गर्दा निम्न बमोजिम व्यहोरा देखा परेका छन्।

सम्झौता पत्रमा प्रथम पक्षले दोस्रो पक्षबाट एक महिनाको भाडा बापतको रकम धरौटी माग गरी जम्मा गर्नुपर्ने र एक महिना सम्म भाडा नबुझाएमा धरौटी बाट कट्टी गर्ने र त्यस पछि पनि भाडा नवुझाएमा यो सम्झौता रद्ध भएको मानिने तथा सम्झौता रद्ध भएपछि बाँकी रकम सरकारी बाँकी सरह असूल उपर गरिने सम्झौतामा उल्लेख छ। सम्झौता विपरित निम्न व्यक्तिले लेखा परीक्षण अवधि सम्म भाडामा लिएको सटरको भाडा नबुझाएकोले जरिबाना सहित हुन आउने भाडा असूल गरी नगर विकास समिति कोषमा दाखिला गर्नुपर्ने रु.

| नाम | सटर नं. | भाडा रकम जरिवान सहित |
|---|---|---|
| कुल व. नेपालि | १ | १,८३,८५३ |
| **जम्मा** | | **१,८३,८५३।००** |

| | |
|---|---|
| असूल गर्नुपर्ने | १,८३,८५३ |

५८ **लघु उद्यम विकास कार्यक्रम -**

५८.१ गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरूको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादन सामाग्रीहरू प्रशिक्षण अवधि भित्रै परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीलाई नै बिक्री गरी प्राप्त रकम राजश्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले निम्न तालिममा नगर लघु उद्यम समितिको निर्णय बमोजिम उत्पादित मालसामानहरू सहभागीलाई ५० प्रतिशत मूल्यमा बिक्री नगरी निःशुल्क हस्तान्तरण गरेकोले बढी भुक्तानी भएको उक्त रकम अनियमित देखिएको रु.

| भौचर नं | विवरण | बिल अनुसारको रकम | ५० प्रतिशत बढी रकम |
|---|---|---|---|
| २०५ | गुडिया तथा डल कुशनको स्तरोन्नति तालिममा | ४३,९१० | २१,९५५ |
| १३७ | मौरीको प्राविधिक सिप विकास तालिम | ३०,००० | १५,००० |
| **जम्मा** | | | **३६,९५५।००** |

| | |
|---|---|
| अनियमित भएको | ३६,९५५ |

५८.२ गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरूको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादन सामाग्रीहरू प्रशिक्षण अवधिभित्रै परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीलाई नै बिक्री गरी प्राप्त रकम राजश्व खातामा दाखिला गर्नुपर्ने तथा कहीं पनि उक्त सामान बिक्री नभएमा स्टोर दाखिला गरी यथाशीघ्र लिलाम बिक्री गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले चुरापोते प्राविधिक सिप विकास तालिममा रु. ४६,५५०।०० को मालसामान खरिद गरी कार्यालयमै मौज्दात राखेकोले यथासक्य स्टोर दाखिला गर्दै लिलाम बिक्री गरी प्राप्त रकम राजश्व खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४६,५५० |

५९ **प्रशिक्षक भत्ता -** गण्डकी प्रदेश खर्च मापदण्ड, २०७९ को अनुसूची १ मा सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालनसम्बन्धी खर्चको मापदण्ड सम्बन्धमा व्यवस्था गरेको छ । सो मापदण्ड अनुसार तालिमकेन्द्र/प्रतिष्ठानबाहेक अन्य प्रशिक्षकले स्थानीय स्तरमा सहायकस्तर/अन्य तालिमको प्रशिक्षण गरेबापत पारिश्रमिकस्वरूप प्रतिकक्षा कार्यपत्रबापत रु.८०० र कक्षा सञ्चालन बापत रु.७०० पाउने व्यवस्था छ। पुतलीबजार नगरपालिका र UNDP को प्राविधिक सहयोग र सुर्योदय क्लवको व्यवस्थापनमा मिति २०७९।०९।०६ देखि २०७९।९।८ सम्म सञ्चालित ३ दिने होमस्टे व्यवस्थापन तालिमका लागि सुर्योदय क्लव स्याङ्जा र प्रशिक्षक प्रिन्स गुरुङबीच प्रशिक्षण बापत ५०,०००।०० भुक्तानी दिने सम्झौता भई पालिकाले भौ.नं. ३०५ बाट सो रकम भुक्तानी गरेको छ । मापदण्ड अनुसार प्रतिकक्षा रु.१,५००।०० का दरले प्रतिदिन ४ वटा कक्षाको जम्मा ३ दिनको १२ कक्षाको रु.१८,०००।०० भुक्तान हुनुपर्नेमा बढी भुक्तानी भएकोले बढी भएको असूल गर्नुपर्ने कर बाहेकको रु.

| | |
|---|---|
| असूल गर्नुपर्ने | २७,२०० |

६० **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको सुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरी गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

६१ **प्रमाण कागज पेस गर्नुपर्ने -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारको खर्चमा सो खर्च पुष्टि हुने बिल भरपाई,कागज पेस नभएकोले प्रमाण कागज पेस गर्नुपर्ने रु.

| भौचर नं | भुक्तानी पाउनेको नाम | पेस गर्नुपर्ने कागजात | रकम (रु.) |
|---|---|---|---|
| ९ | आर आर एड मिडिया | बिलको प्रतिलिपि पेस भएकोले सक्कल बिल र सूचना पेस हुनुपर्ने | ८२९८७ |
| १०४९ | फोर जि इन्जिनियरिङ सोलुसन प्रा.लि. | सेवा शुल्क बिलको प्रतिलिपि पेस भएकोले सक्कल बिल पेस हुनुपर्ने | ६७००० |
| | | **जम्मा** | **१४९९८७** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४९,९८७ |

६२ **बहाल कर** - आर्थिक ऐन, २०७९ बमोजिम सवारीसाधनबाट मालसामानको ढुवानीबापतको रकम भुक्तानी गर्दा १०% कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमको ढुवानी खर्च भुक्तानी गर्दा कर कट्टी नगरी भुक्तानी दिएको देखिदा सम्बन्धितबाट असूल हुनुपर्ने रु.

| भौचर नं | भुक्तानी भएको पक्ष | ढुवानी भाडा रकम (रु.) | १०% ले असूल हुनुपर्ने कर (रु.) |
|---|---|---|---|
| ७६६ | टोल स्तरीय फुटबल तथा विविध साँस्कृतिक कार्यक्रम समिति | २०००० | २००० |
| **जम्मा** | | | **२,०००** |

***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२२ मा सिद्धेश्वरी सुन्तला उत्पादन कृषक समूह को रु.१५,८०० र दोभानडाँडा सडक निर्माण उपभोक्ता समिति को रु.७७० सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असूल गर्नुपर्ने | २,००० |

६३ **कागजात पेस हुनुपर्ने** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले वडा नं. ५ मा ८५०० किलो आलुको बिउ ५० प्रतिशत अनुदानमा कृषकहरूलाई वितरण गर्ने कार्यक्रममा आलुको बिउ टोल समितिहरू मार्फत बुझाइएको देखिएको तर वास्तविक कृषकहरूले पाए नपाएको सम्बन्धमा भरपाई पेस भएको नदेखिएकोले वास्तविक कृषकहरूले प्राप्त गरेको भरपाई पेस हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,००,००० |

६४ **पदाधिकारीलाई दोहोरो सुविधा** - गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने

सुविधा सम्बन्धी ऐन, २०७६ को दफा ३ मा पदाधिकारी र सदस्यले आफू निर्वाचित भई पदभार ग्रहण गरेको मितिदेखि स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा अनुसूची बमोजिमको रकममा नबढ्ने गरी यस ऐनमा उल्लेख भएको सुविधा पाउने व्यवस्था छ । त्यस्तै दफा १६ मा कुनै पनि सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था छ । उक्त ऐनबमोजिम पदाधिकारीलाई पत्रपत्रिका,इन्टरनेट सुविधा तथा अनुगमन सुविधाबापत मासिक भुक्तानी हुने भएकोले देहाबमोजिम पदाधिकारीलाई इन्टरनेट बिल भुक्तानी तथा अनुगमन खर्च लेखेकोले सम्बन्धितबाट असूल गरी सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| भौचर नं | पदाधिकारी | विषय | भुक्तानी रकम(रु.) |
|---|---|---|---|
| ५३६ | नगर प्रवक्ता (वडा नं ११ का अध्यक्ष) मनोज पौडेल | कोभिड १९ प्रतिकार्य पहल कार्यक्रम अन्तर्गत व्यावसायिक नर्सरी अनुगमन | ५१०० |
| ५७० | नगर प्रवक्ता (वडा नं ११ का अध्यक्ष) मनोज पौडेल | कोभिड १९ प्रतिकार्य पहल कार्यक्रम अन्तर्गत व्यावसायिक नर्सरी अनुगमन | ३४०० |
| | **जम्मा** | | **८५००** |

*(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२२ मा नगर प्रमुख तुलसीराम रेग्मी को रु.४,२५० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असूल गर्नुपर्ने | ८,५०० |

६५ **औषधी खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। स्थानीय तहले विभिन्न फर्महरूबाट रु. ३६ लाख ६८ हजार २०७ को औषधी ईबिडिङ र कोटेशनद्धारा खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरू निम्नानुसार छन्ः

- आपूर्ति हुने औषधी डब्लु.एच.ओ. प्रमाणित (Certified) हुनुपर्ने, औषधीको उत्पादन मिति, ब्याच नं. र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको,
- औषधीको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रूपमा आम्दानी बाँध्ने नगरेको,
- औषधी खरिदका लागि लागत अनुमान तयार गर्दा स्वास्थ्य विभागको स्विकृत दररेटलाई आधार नलिएको,

- औषधी खरिद गर्दा एकमुष्ठ ईविडिङ नगरी विभिन्न समयमा कोटशन लिने गरेको,

- रु.२८,७५,००५ को औषधी वंगलामुखि मेडिसिन सप्लायर्स प्रा. लि. बाट ईविडिङ मार्फत खरिद गरेकोमा पुन औषधी खरिद गर्दा पहिलेको ईविडिङकै आधारमा स्वीकृत दररेटमा खरिद गर्नुपर्नेमा साहस मेडिसिन सप्लायर्सबाट कोटेशनद्धारा रु. ७,९३,२०२।०० को औषधी गरीद गरेकोले औषधी खरिदमा एकरूपता कायम गर्नु पर्दछ।

तसर्थ औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको यकिनर गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरू LMIS मा प्रविष्ट गरी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| भौचर नं. | आपूर्तिकर्ता | खरिद विधि | रकम |
|---|---|---|---|
| ९७ | वंगलामुखी मेडिसिन सप्लायर्स प्रा.लि. | ईविडिङ | २१,१५,५०२ |
| १७४ | वंगलामुखि मेडिसिन सप्लायर्स प्रा.लि. | ईविडिङ | ७,५९,५०३ |
| २५६ | साहस मेडिसिन सप्लायर्स | कोटेशन | ७,९३,२०२ |
| **जम्मा** | | | **३६,६८,२०७** |

६६ **बिल भरपाई** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। परिवार नियोजन, किशोर किशोरी तथा प्रजनन् स्वास्थ्य कार्यक्रममा वडा नं. १३, वडा नं. ९ र १४ का वडा अध्यक्षले रु. ४००।०० का दरले यातायात भत्ता बुझेको पाइएको छ। मोटरसाइकल प्राप्त गरेका वडा अध्यक्षहरूलाई यातायात खर्च दिने कार्यमा पालिकाले नियन्त्रण गर्नुपर्दछ।

६७ **न्यानो झोला कार्यक्रम** - स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरूको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरूले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ५ बर्थिङ सेन्टरमा यस वर्ष ५० थान न्यानो झोला रु. २९,०००।०० मा खरिद गरेकोमा यस वर्ष १० जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ। पालिकाको भण्डारमा गत वर्षका ३० र यो वर्षका ४० खरिद गरिएका ७० थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरू तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

६८ **तलबी प्रतिवेदन** - निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख) २ बमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्वास्थ्य तर्फका ४१ कर्मचारीहरूको

तलबी प्रतिवेदन पारित नगरी कुल रु. २,४७,४५,९५९।०० तलब खर्च लेखेको पाइयो। तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।

६९ **शिक्षक दरबन्दी तथा पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। पालिका मातहत रहेका ४७ विद्यालयमा ३६२ शिक्षक दरबन्दी रहेकोमा ३६२ नै पदपूर्ति भएको र पदपूर्ति मध्ये ५४ करारमा देखिन्छ। दरबन्दी अनुसारको स्थायी शिक्षक पदपूर्ति हुनुपर्दछ।

७० **छात्रवृत्ति -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार पालिकाले सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रवृत्ति अनुदान ईमिस डाटा अनुसार स्वीकृत दररेट बमोजिम उपलब्ध गराएकोमा विद्यालयबाट भरपाई पेश हुँदा निकासा विद्यार्थी संख्या भन्दा कम संख्यामा भरपाई प्राप्त भएकोले वितरण नभई विद्यालयमा बाँकी रहेको रकम सम्बन्धित विद्यालयबाट असूल गरी सङ्घीय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.

| विद्यालयको नाम | निकासा विद्यार्थी संख्या | भरपाई प्राप्त विद्यार्थी संख्या | नपुग विद्यार्थी संख्या | दर | बढी रकम |
|---|---|---|---|---|---|
| त्रिभुवन आदर्श मा. वि. १ पुतलीबजार | ३७० | ३१५ | ५५ | ४०० | २२,००० |
| जम्मा | | | | | २२,०००।०० |

***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२२ मा मातृभुमि मा. वि. १३ पुतलीबजार को रु.१,६०० सम्परीक्षण गरिएको।)***

| | |
|---|---|
| असूल गर्नुपर्ने | २२,००० |

७१ **पाठ्यपुस्तक -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार पालिकाले सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थी हरूका लागि निशुल्क पाठ्यपुस्तक अनुदान ईमिस डाटा अनुसार स्वीकृत दररेट बमोजिम उपलब्ध गराएकोमा विद्यालयबाट पेश भएको भरपाई अनुसार निम्नानुसार २ विद्यालयबाट रु.२३,५५७।०० कम वितरण गरेको पाइयो । निकासा भएको रकम भन्दा कम रकमको भरपाई प्राप्त भएकोले निकासा भएको रकम खर्च भएको आधार भएन् । वितरण नभई विद्यालयमा बाँकी रहेको रकम सम्बन्धित विद्यालयबाट असूल गरी सङ्घीय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.

| विद्यालयको नाम | निकासा रकम | भरपाई रकम | बढी निकासा रकम |
|---|---|---|---|
| त्रिभुवन आदर्श मा. वि. १ पुतलीबजार | ६,०४,८७० | ५,९७,४२९ | ७,४४१ |
| कोल्मा वराहचौर मा. वि. ९ पुतलीबजार | १,११,४५१ | ९५,३३५ | १६,११६ |
| | | **जम्मा** | **२३,५५७।००** |

| | |
|---|---|
| असूल गर्नुपर्ने | २३,५५७ |

७२ **सिकाई सामाग्री तथा डिजिटल सामाग्री व्यवस्थापन -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.५० अनुसार पालिकाले प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सामाग्री व्यवस्थापनका लागि ७४ विद्यालयलाई एकमुष्ठ रु. १४,१८,५५०।०० अनुदान दिएको छ। उक्त कार्यान्वयन पुस्तिका अनुसार विद्यालयले उक्त अनुदान खर्च गरी प्रगती प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेकोमा विद्यालयहरूले लेखापरीक्षण अवधि सम्म प्रगति प्रतिवेदन पेश नगरेकोले प्रगति प्रतिवेदन यथासक्य पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,१८,५५० |

७३ **दरबन्दी बेगरको विद्यालय सहयोगी -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार माद्यामिक तह सञ्चालित विद्यालयमा १ जना विद्यालय कर्मचारी, १ जना कार्यालय सहयोगी र १ जना बाल विकास सहजकर्ता रहने साथै कक्षा १ देखी ८ सञ्चालित विद्यालयमा १ जना विद्यालय सहयोगी र १ जना वाल विकास सहजकर्ताको दरबन्दी रहने व्यवस्था छ। निम्न विद्यालयहरूमा कानुन अनुसारको दरबन्दी भन्दा बढी संख्यामा विद्यालय कर्मचारी, सहयोगी र बालविकास सहजकर्ता भर्ना गरी तलब भुक्तानी गरेको छ। दरबन्दी बेगरको कर्मचारीलाई तलब भुक्तानी गरेकोले अनियमित देखिएको रु.

| विद्यालय संख्या (समायोजन पछिको विद्यालय) | हुनुपर्ने विद्यालय सहयोगी संख्या | हुनुपर्ने विद्यालय बाल विकास सहजकर्ता संख्या | भएको सहयोगी संख्या | भएको विद्यालय वाल विकास सहजकर्ता संख्या | दरबन्दी भन्दा बढी संख्या (सहयोगी र सहजकर्ता) | एकमुष्ठ कुल तलब भक्तानी (वैशाख र जेठ) |
|---|---|---|---|---|---|---|
| ४७ | ४७ | ६८ | ६९ | ७४ | २८ | ८,५२,००० |
| **जम्मा** | | | | | | **८,५२,०००।००** |

| | |
|---|---|
| अनियमित भएको | ८,५२,००० |

७४ **विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।०८० को क्रियाकलाप नं. २.७.१३.१३ मा भएको व्यवस्था अनुसार पालिका भित्रका विद्यालयबाट छनौट गरी माध्यामिक विद्यालयमा पुस्तकालय, ICT र विज्ञान प्रयोगशाला बापत रु ६ लाख ५० हजार अनुदान दिने व्यवस्था छ । त्यस अनुदान रकमबाट कार्य सम्पन्न गरी कार्यसम्पन्न प्रतिवेदन लगाएत कर दाखिला भौचर सम्बन्धित स्थानीय तहलाई बुझाउनु पर्दछ। पालिकाले निम्न विद्यालयलाई विज्ञान प्रयोगशाला पुस्तकालय र आई. सि. टी. ल्यावका लागि लागि रु. ६,५०,००० का दरले अनुदान दिएकोमा विद्यालयले आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम अग्रिम कर कट्टा नगरी खर्च गरेकोले सम्बन्धित विद्यालयबाट १.५ प्रतिशतले हुन आउने अग्रिम कर

असूल गरी सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| विद्यालयको नाम | विवरण | अनुदान रकम | अग्रीम कर (१.५) |
|---|---|---|---|
| सरस्वती मा. वि. ३ पुतलीबजार | पुस्तकालय | ६,५०,००० | ९,७५० |
| हिमालय मा. वि. ६ पुतलीबजार | आई सि टी ल्याव | ६,५०,००० | ९,७५० |
| जनता मा. वि. ७ पुतलीबजार | आई सि टी ल्याव | ६,५०,००० | ९,७५० |
| कोल्मा वराहचौर मा. वि. ९ पुतलीबजार | पुस्तकालय | ५,८६,५३० | ८,७९७ |
| मनकामना मा. वि. १२ पुतलीबजार | विज्ञान प्रयोगशाला | ६,५०,००० | ९,७५० |
| रजस्थल मा. वि. १४ पुतलीबजार | विज्ञान प्रयोगशाला | ६,५०,००० | ९,७५० |
| वालहित मा. वि. ५ पुतलीबजार | विज्ञान प्रयोगशाला | ६,५०,००० | ९,७५० |
| **जम्मा** | | | **६७,२९७।००** |

***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा  मिति २०८१-१-२२ मा सारदा मा. वि. ७ पुतलीबजार को रु.९,७५० र शिशुकल्याण जनप्रिय मा. वि. ६ पुतलीबजार को रु.९,७५० सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असूल गर्नुपर्ने | ६७,२९७ |

७५ **स्यानिटरी प्याड -** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रूपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरूमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरू १ हजार ८८६ जना रहेका छन्। पालिकाले भौ.नं. २८९ बाट २१ हजार ४७९ थान स्यानिटरी प्याड रु. ८,२६,९२२।०० (मु.अ. कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरी लेखापरीक्षण अवधिसम्म ५५१ थान स्टोरमै मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरू भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रूपमा राखेको पाइएन। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

७६ **दिवा खाजा -**

७६.१ कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.११.१ अनुसार पालिकाले सामुदायिक विद्यालयलाई दिवा खाजा बापत रकम उपलब्ध गराउँदा दिवा खाजा प्राप्त गर्ने विद्यार्थी संख्या र विद्यार्थीको हाजिरी प्रमाणितका आधारमा गर्नुपर्ने व्यवस्था छ। आ.व. २०७८।७९ मा त्रिभुवन आदर्श मा. वि. १ पुतलीबजारलाई दिवा खाजा बापत एकमुष्ट रु. ५,४८,७६०।०० निकासा दिएकोमा

मिति २०८०।२।१४ को विद्यालयको लेखापरीक्षण रिपोर्टले उक्त दिवा खाजा सोही वर्ष खर्च नगरी विद्यालयले आ. व. २०७९।८० मा खर्च गरेको भनी देखाएको छ। अन्तिम लेखापरीक्षणको क्रममा आ. व. २०७९।८० मा खर्च गरेको उक्त खर्चको बिल भरपाई तथा अन्य प्रमाण पेश गर्न अनुरोध गर्दा पुष्टि हुने कुनै पनि प्रमाण पेश हुन नआएकोले दिवा खाजाको रकम हालसम्म विद्यालयको खातामै मौज्दात रहेको देखिन्छ। दिवा खाजाको उक्त रकम यथासक्य सम्बन्धितबाट असूल गरी सङ्घीय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.

| | |
|---|---|
| असूल गर्नुपर्ने | ५,४८,७६० |

७६.२ कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.११.१ अनुसार पालिकाले सामुदायिक विद्यालयलाई दिवा खाजा बापत रकम उपलब्ध गराउँदा दिवा खाजा प्राप्त गर्ने विद्यार्थी संख्या र विद्यार्थीको हाजिरी प्रमाणितका आधारमा गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्रिभुवन आदर्श मा. वि. १ पुतलीबजारलाई अन्तिम त्रैमासिकमा रु २,६८,५८०।०० निकासा दिएकोमा रु.२,३७,८२५।०० को मात्र भरपाई पेश हुन आएकोले बाँकी रहेको रु. ३०,७५५।०० सङ्घीय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.

| | |
|---|---|
| असूल गर्नुपर्ने | ३०,७५५ |

७७ **म्याद ननाघेको पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसार निकाय व्यक्ति तथा संस्थालाई रु. १,१२,८६,८००।०० पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्यौट तथा गत विगतका पेश्कीको समेत एकीकृत हिसाव कायम गर्नुपर्दछ ।

| पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ति, फर्म वा कम्पनीको नाम | चालु आ. व. को म्याद ननाघेको |
|---|---|---|---|---|
| निर्माण व्यवसायी | | | | |
| २०७९/०६/११ | १० | वडा कार्यालय भवन निर्माण याेजना ५,६,१० र ११ लगायत | हाम्रो ईन्जीनियरिङ्ग एण्ड कन्ट्रक्सन सर्भिस | २७४००० |
| २०८०/०३/२३ | ९८ | पुतलीखेत आरुचौर (पुतलीखेत देखि सतौं ) | गजिन्द्र निर्माण सेवा प्रा.लि. | ८०००००० |

| | | | | |
|---|---|---|---|---|
| २०८०/०३/२३ | ७५४ | समपुरक म्याचिङ फण्ड सडक | गजिन्द्र निर्माण सेवा प्रा.लि. | १८००००० |
| जम्मा | | | | १००७४००० |
| परामर्शदाता | | | | |
| २०७९/०५/०५ | २ | Design and Supervision Consultant | जि ओ इ सी । डिजिकन । बिम । इम्पल्स । सेड्स जे.भी | १२१२८००.०० |
| जम्मा | | | | १२१२८००.०० |
| कुल जम्मा | | | | ११२८६८००.०० |

७८ **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु. ११,६०,००० बाँकी रहेको देखिन्छ । फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

| पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | कर्मचारी भए पद | म्याद नाघेको पेश्की रकम |
|---|---|---|---|---|---|
| कर्मचारी | | | | | |
| २०८०/०३/१९ | २५२ | रोजगार सेवा केन्द्रको सँचालन खर्च | स्वस्तिका गोदार | कम्प्युटर अपरेटर | २०००० |
| संस्थागत | | | | | |
| २०७९/१२/२८ | ३४१ | श्रीकाजिमान हरिटिका मा वि | काजिमान हरिटीका माध्यमिक विद्यालय | प्रधानाध्यापक | ५००००० |
| २०८०/०३/१९ | ९७५ | कुशेचौर-सिम्रिक-कृषिऔषधी पर्यटन वन शिक्षा अनुसन्धान केन्द्र | TU RECAST | | ५००००० |
| जम्मा | | | | | १०००००० |
| व्यक्तिगत | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २०७९/०४/२० | २ | भ्रमण खर्च | तुलसी गिरी | अधिवक्ता प्र.प.नं. १११७८ | ५०००० |
| २०७९/०७/०४ | १२९ | बंगुर पालन तालिम तथा प्रोत्साहन(व्यवसायिक कृषकहरूलाई ) | टिकाराम मरासिनी | | ९०००० |
| **जम्मा** | | | | | १४०००० |
| **कुल जम्मा** | | | | | ११६०००० |
| | | | | पेश्की | ११,६०,००० |

## अनुसूचीहरू

**अनुसूची - १**

### आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्षः** २०७९/८०

**कार्यालय र स्थान :** पुतलीबजार नगरपालिका, स्याङ्जा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | चिरञ्जीवी पौडेल | २०८०-१२-१९ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | गणेश प्रसाद अर्याल | २०७९-५-६ | २०७९-१२-१७ |
| कार्यालय प्रमुख | हरिराम नागिला | २०७९-१२-१९ | २०८०-७-१४ |
| लेखा प्रमुख | लक्ष्मी कोइराला | २०८०-११-१६ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरणः**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,८२४,०४१ | २,५३३,५९६ | २५,४४९,३२८ | ० | ० | १,१६०,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजु रु.** | | | | | ३०,९६६,९६५ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ७८,५३३ |
| **संपरीक्षणबाट थप भएको बेरुजु रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजु रु.** | | | | | ३०,८८८,४३२ |

आर्थिक कारोबारको स्थितिः

| गत बर्षको जिम्मेवारी | | १०१६४००६१ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| सङ्घीय सरकारबाट अनुदान | ६४६०९४५०० | चालु खर्च | ५६८०५४४१५.०४ |
| प्रदेश सरकारबाट अनुदान | ३५८३६००० | पुँजीगत खर्च | २६३७५४६६३.१ |
| राजश्व बाँडफाँट | ११३२४३८४५.८५ | वित्तीय/अन्य व्यवस्था | ३३२७०९९६४.९५ |
| आन्तरिक आय | ३२७९४९३४.२४ | | |
| अन्य आय | ३६३३४८२६९ | | |
| कुल आय | ११९१३१७५४९.०९ | कुल खर्च | ११६४५१९०४३.०९ |
| बाँकी मौज्दात | | १२८४३८५६७ | |

## दफा २ सँग सम्बन्धित विवरण - अनुसूची -२

| क्र.सं. | आय तर्फ | | | क्र.सं. | व्यय तर्फ | |
|---|---|---|---|---|---|---|
| | विवरण | रकम | जम्मा रकम | | विवरण | जम्मा रकम |
| १ | गत वर्षको जिम्मेवारी | - | १०१६४००६१ | १ | चालु खर्च (साट्न बाकी चेक घटाएर) | ५६८०५४४१५.०४ |
| | क) नगद | - | - | २ | पुँजीगत खर्च (साट्न बाकी चेक घटाएर) | २६३७५४६६३.१ |
| | ख) बैंक | १०१६४००६१ | - | ३ | विषयगत (भुक्तानी आदेश वनाइ खर्च गर्ने) तर्फः | |
| २ | राजस्व | - | १४६०३८७८०.०९ | | क. सामाजिक सुरक्षा | २७६१६३२११ |
| | क) आन्तरिक राजस्व | ३२७९४९३४.२४ | - | | ख. गरीवसँग विश्वेश्वर | - |
| | ख) सङ्घीय राजस्व बाँडफाँड | ८७९००८०६.८५ | - | | ग. पर्यटन पुर्वाधार विकास आयोजना | - |
| | ग) प्रदेश राजश्व वाँडफाँड | १४९४३८७३ | - | | घ. स्वच्छ वातावरण कार्यक्रम | - |
| | घ) मालपोत रजिष्ट्रेशन शुल्क | ४०८०१०० | - | | ङ प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम(संघतर्फ अनुदान) | ७०९६४४७ |
| | ङ) दहत्तरबहत्तर वाँडफाँडबाट प्राप्त | ६३१९०६६ | - | ४ | वित्तीय व्यवस्था भुक्तानी | - |
| ३ | वित्तीय हस्तान्तरण | | ६४६०९४५०० | | क) ऋण भुक्तानी | - |
| | क) वित्तीय समानीकरण अनुदान | १४७१६७५०० | - | | ख) ब्याज भुक्तानी | - |
| | ख) सशर्त अनुदान | ४९०९२७००० | - | | ग) अन्य भुक्तानी | - |
| | ग) समपूरक अनुदान | ८०००००० | - | ५ | लगानी | - |
| | घ) विशेष अनुदान | ० | - | | ऋण लगानी | २६८४२५०३ |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ३५८३६००० | | शेयर लगानी | - |
| | क)वित्तीय | १६८६३००० | - | | अन्य लगानी | - |

| | | | | | |
|---|---|---|---|---|---|
| | समानीकरण अनुदान | | | | |
| | ख) सशर्त अनुदान | १०९७३००० | - | ६ | धरौटी फिर्ता (साट्न बाकी चेक घटाएर) | ४९२४९७.६५ |
| | ग) समपूरक अनुदान | ५०००००० | - | | | - |
| | घ) विशेष अनुदान | २०००००० | - | | | - |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | १०००००० | - | | | - |
| ६ | वित्तीय व्यवस्था प्राप्ति | - | - | ७ | बिबिध कोष खाता | १६३८५८० |
| | क) ऋण प्राप्ति | - | - | | कर्मचारी कल्याण कोष | १४०५१५५ |
| | ख) साँवा प्राप्ति | - | - | | लैंगिक हिंशा | - |
| | ग) ब्याज प्राप्ति | - | - | | प्रकोप व्यवस्थापन तथा अन्य कोष | - |
| ७ | विभिन्न कोषतर्फको आय | - | - | | विविध खर्च खाता (साट्न बाकी चेक घटाएर) | १९०७१५६६ |
| | विभाज्य कोष खाता | - | ३३११६४०५ | | विपद व्यवस्थापन/कोष | - |
| | बिबिध कोष खाताः | ८४७३६३९ | - | ८ | मौज्दात | - |
| | कर्मचारी कल्याण कोष | ८११९६०७ | - | | क) नगद मौज्दात | - |
| | लैंगिक हिंशा | १००००० | - | | ख) चालु खर्च खाता | - |
| | आकस्मिक कोष खाता | ३८८४१२६ | - | | ग) पुजीगत खर्च खाता | - |
| | विविध खर्च खाता | १२५३९०३३ | - | | घ) बैंक मौज्दात (सञ्चित कोष खाता) | ९५६०५१६७ |
| | विषयगत (भुक्तानी आदेश वनाइ खर्च गर्ने) तर्फः | | - | | ङ) आकस्मिक कोष खाता | - |
| | सामाजिक सुरक्षा | २७६१६३२११ | - | | च) बैंक मौज्दात (धरौटी कोष खाता) | १११४२८२८ |
| | गरीवसँग विश्वेश्वर | - | - | | छ) बैंक मौज्दात (प्रकोप व्यवस्थापन | ३८८४१२६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | कोष) | |
| | पर्यटन पुर्वाधार विकास आयोजना | - | - | | ज) विविध खर्च | ८०००५०१ |
| | स्वच्छ वातावरण कार्यक्रम | - | - | | झ) विविध कोष खाता | ९७०५९४९ |
| ८ | प्रदेस तथा स्थानीय शासन सहयोग कार्यक्रम(संघतर्फ अनुदान) | ७०९६४४७ | ७०९६४४७ | | ञ. लैङ्गिक हिंसा | १००००० |
| | लागत सहभागिता | ७३६५६२८ | ७३६५६२८ | | | - |
| | धरौटी आय | ११६३५३२६ | ११६३५३२६ | | | - |
| | लगानीको साँवा फिर्ता | २६१२२४४९ | २६१२२४४९ | | | - |
| | व्याज प्राप्त | १८४८८०३ | १८४८८०३ | | | - |
| | अन्य विविध आय | - | - | | | - |
| **जम्मा** | | | **१२९२९५७६१०** | | **जम्मा** | **१२९२९५७६१०** |

**बेरूजु दफा ३१ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | कृषि प्रविधिक सुवास ढकालको बैशाख महिना देखि असार महिना सम्म रु.१,१५८ को ग्रेड दरले ३ ग्रेड वरावरको बढी भुक्तानी रकम असूल गर्नपर्ने रु. | १०७४७ |
| २ | ईन्जिनियर अरुण पौडेलको तलबमा बढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु. | ६०१२२ |
| ३ | पुतलीबजार न.पा-४ को कार्यालय व्यवस्थापन खर्च उपभोक्ता समिति लाई कार्यालयको तर्फबाट विनियोजन भएको रकम रु ३,५०,००० मध्ये कन्टेन्जेन्सी रकम ३ प्रतिशतले हुन आउने रकम रु १०,५०० र मुल्याङकनमा घटेको रकम रु. २,१४३ गरी बढि भुक्तानी भएको जम्मा रकम रु. १२,६४३ असूल गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने.. | १२६४३ |
| ४ | लगुत्तम पक्की सडक निर्माण उपभोक्ता समितिलाई कार्यालयको तर्फबाट विनियोजन भएको रकम रु ३,५०,००० बाट कन्टेन्जेन्सी रकम नकाटिएको पाइएकोले कन्टेन्जेन्सी बापतको रकम रु.१०,५०० असूल गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने.... | १०५०० |
| ५ | पुतलीबजार नगरपालिका-१४ को पुरानो गाँउ लाकु डाँडा गोरेटो बाटोलाई नगरपालिकाको तर्फबाट विनियोजन रकम रु १ लाख र उपभोक्ता समितिको तर्फबाट रु. १०,७७७ को कार्य सम्पन्न गर्ने गरी गरिएको सम्झौतामाका कार्य सम्पन्न मुल्याङकन घटेको पाइएकोले भुक्तानी हुनुपर्ने रकम रु.८३,८५२ मा भुक्तानी भएको रकम रु.९५,६७४ पाइएकोले बढि भुक्तानी रकम असूल गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने.... | ११८२२ |
| ६ | बढी निकासाः श्री गाउँफर्क आ.वि पु.ब.न.पा-१० लाई दोस्रो त्रैमासिकमा बढि निकासा गरिएको रकम असूल गरी बैंक दाखिला गर्नुपर्ने...... | ४८००० |
| **जम्मा** | | **१५३८३४** |